# रिसर्च इथिक (Research Ethics): सामाजिक अनुसन्धान मा नैतिकताको सवालहरु

**श्याम बहादुर कुँवर**

**टि. यु., मानवशास्त्र (एम. फिल.)**

सामाजिक अनुसन्धानमा रिसर्च एथिक्स एक महत्वपूर्ण पक्ष हो | अध्ययन गरिएको समाज, समुदायमा अध्ययनकर्ताको जिम्मेवारी के हुने त भन्ने कुरा एउटा महत्तोपूर्ण सवाल हो | नेपालको संबिधान (वि. स. २०७२) मा सूचना तथा गोपनीयताको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ | उक्त ऐनमा लेखिएको छ कि "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने हक हुने छ | तर यस धाराको व्यवस्थाले कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" | यो व्यवस्थाले के प्रष्ठ पारेको छ भने हरेक व्यक्तिसँग सुचनाको हक हुनेछ तर गोपनियताको हक पनि भएकोले यदि व्यक्तिलाई गोप्य लागेमा सूचना दिन बाध्य नहुने व्यवस्था छ | गोपनियताको हक मा "कुनै पनि ब्यक्तिको जीउ, आबास, सम्पति, लिखित तथ्याँक, पत्राचार र चरित्र सम्बन्धि बिषयको गोपनियता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ" | यसको अर्थ कानुन भन्दा बाहिर रहेर गोपनियतामाथि काम गरे कानुन अनुसार अपराध हुने र दण्ड हुने देखिन्छ | एथिक्सको पालना नगर्दा व्यक्ति वा समुदायलाई हुने जोखिमको जिम्मेवारी अनुसन्धानकर्ता माथि हुन्छ | त्यसैले अनुसन्धान गर्दा नैतिक सवालहरुको ध्यानपुर्बक पालना गरि भइपरी आउने जोखिमहरुलाई न्यूनीकरण गर्नुपर्छ | रिसर्च एथिक्सको पालनाले व्यक्ति वा समुदायको स्वतन्त्रता, मानबअधिकार, र सामाजिक सांस्कृतिकमूल्य मान्यताको पनि सम्मान हुन आउंछ |

## पूर्व सूचित अनुमति (Informed Consent):

अध्ययनको लागि पूर्व सूचित अनुमति लिनकोलागि अनुसन्धान कर्ताले अनुसन्धान पूर्व उत्तरदातालाई आफ्नो अध्ययन अनुसन्धानको बारेमा पूर्ण रुपमा सुसुचित गर्नुपर्छ | अध्ययनमा सहभागी हुने व्यक्ति वा समुदायलाई प्राप्त सूचनाको गोपनीयता र सुरक्षाको प्रत्याभुती दिनु पर्छ | साथै अध्ययनको लागि सहज वातावरण को निर्माण गर्नु पर्छ | उत्तरदाताले उपलब्ध गराएका

तथ्यांक तथा सूचनाहरू माथिको पहिलो अधिकार उनीहरूसँग हुन्छ | ती सूचना दिने नदिने कुरा उत्तरदाताको हातमा हुन्छ |

- अध्ययन अनुसन्धान को क्रममा सूचना वा कुनैपनि जानकारी लिंदा वा दिंदा मानवीय मूल्य मान्यता र त्यहाँको परम्पराको सम्मान गर्नु पर्छ | साथै व्यक्तिगत स्वतन्त्रताको सम्मान गर्नु पर्छ |
- उत्तरदाताले दिएको सूचनालाई रेकर्ड गर्ने, भिडियो खिच्ने, आदि उत्तरदातासँग अनुमति लिएर मात्र गर्नु पर्छ |
- उत्तरदाताको विचार र स्वतन्त्रको सम्मान साथै सूचनाको सुरक्षा गर्नु पर्छ |
- सूचनाको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा दबाब दिनु वा प्रलोभनमा पार्नु दण्डनीय अपराध हो | अनुसन्धान कर्ताले यस्तो कार्यहरु गर्नु हुँदैन |
- अध्ययन को सिलसिलामा कुनै पनि सूचना तथ्यांक लीन पूर्ण अनुमति लिनु पर्छ | सूचना तथ्याँक लिने ध्यानमा मात्र लाग्दा उत्तरदाताहरूसंग भएका प्रसङ्गहरुलाइ गोपनीयता भंग हुने गरी प्रयोग गर्नु हुँदैन | उत्तरदाताहरुको व्यक्तिगत जीवनमा आँच आउँने कुनै पनि कार्य अध्ययन अनुसन्धानको नैतिकता भित्र पर्दैन |
- उत्तरदाताको व्यक्तिगत विवरण जस्तै नाम, ठेगाना साथै लिइएका तथ्याँक, सूचनाहरूको गोपनीयता र बिश्वाशनियता को सुनिश्चितका गर्नु पर्छ | फिल्ड नोट लिंदा उत्तरदाताको गोपनीयतामा ध्यान दिई सम्पूर्ण विवरण गोप्य राख्नुपर्छ | भविष्यमा कुनै कारणले सूचना तथ्यांकहरु बाहिर आएमा सूचनादाता वा समुदायको स्वतन्त्रता, गोपनीयता भंग हुनुका साथै समाजमा अनेक समस्याहरु आउँछ | अझ जोखिममा रहेका समुदाय वा व्यक्तिलाइ बढी समस्या हुन जान्छ | त्यसैले अध्ययन गर्दा असुरक्षित र जोखिममा रहेका व्यक्ति, समुदाय आदिको अधिकतम लाभ हुने कुरामा जोड दिनु पर्छ | कसैलाई पनि हानि हुने खालको गतिविधि गर्नु अनुसन्धानकर्ताको नैतिकता भित्र पर्दैन | यो दण्डनीय अपराध हो |
- उत्तरदाता बाट लिएका सूचनाहरूलाई सार्वजनिक गर्दा सम्बन्धित व्यक्ति, समुदाय को मान प्रतिष्ठामा आघात नपर्ने गरि प्रकाशन गर्ने, छलफल गर्ने गर्नु पर्छ | अध्ययन कर्ताले आफ्नो फाइदाको लागि तथ्याङ्क विवरण दिने व्यक्ति, समुदाय वा समूह, तथा संस्थालाई असर पर्ने गरि सूचना को दुरुपयोग गर्नु हुँदैन | यो दण्डनीय अपराध हो | साथै प्राप्त

गरेका सूचना, तथ्याङ्क वा जानकारीलाइ उत्तरदातासँग अनुमति लिएर मात्र सार्बजनिकरुपमा प्रयोग गर्नु पर्छ |

- सूचना प्राप्त गर्दा समुदायमा पर्न सक्ने जोखिम लाइ न्यूनीकरण गर्न ध्यान दिने र उनीहरूको अधिकतम फाइदामा जोड दिने गर्नु पर्छ |
- अनुसन्धान को क्रममा सहभागी स्वेच्छाले गराउनु पर्छ र स्वेच्छाले आउने उत्तरदातालाई पर्न सक्ने बेफाइदा वा हानिको बारेमा अग्रिम जानकारी गराउनु पर्छ | सूचना लिंदा सकेसम्म कम क्षति हुने गरि सूचना संकलन गर्नु पर्छ |
- कुनै पनि उत्तरदाताले उसको इच्छा अनुसार सूचना दिने वा नदिने अधिकार उत्तरदातासँग सुरक्षित् रहेको हुनाले त्यसको सम्मान गर्नु पर्छ | यदि उत्तरदाताले अन्तरबार्ताको बीचमा छोडेर हिँडेमा वा कुरा गर्न नचाहेमा उत्तरदाताको इच्छा बिपरित करकाप गर्नु हुँदैन |
- सूचना दिने व्यक्तिसंग अनुमति लिंदा यदि उत्तरदाता १६ बर्ष भन्दा सानो उमेरको भएमा उत्तरदाताको अभिभावकसँग अनुमति लिनुपर्छ |

**रिसर्च एथिक्स को पालना नगर्दा हुने जोखिमहरुः**

- तथ्याँकको दुरुपयोग हुन सक्छ |
- नीतिको पालना नगर्दा समुदायमाथि अनुसन्धानकर्ताको हाबी हुन आउँछ र समुदायमा जोखिम बढ्न जान्छ |
- व्यक्तिगत स्वतन्त्रता, गोपनीयता र मानवअधिकार को हनन हुनसक्छ |
- अध्ययन कर्ताले ढाँटछल गरेर राम्रो सूचना लिएपनि यस्तो अनुसन्धान प्रक्रिया माथि प्रश्नहरु उठ्छ |
- अध्ययन अनुसन्धानमा सहभागी भएका व्यक्ति समुदायको गोपनीयता भंग हुनसक्छ | जसको कारण व्यक्तिको जीउधन, सम्पति, सामाजिक सम्मान प्रतिष्ठामा आँच आउन सक्छ | समुदायको शान्ति सुरक्षामा बाधा अड्चन आउन सक्छ | समुदायको सदभाव, मूल्य मान्यातामा बाधा पर्न सक्छ | अझ जोखिममा परेको समुदायमा बढी असर पर्न सक्छ |
- अनुसन्धान कर्ता माथि कानुनी अड्चन आउन सक्छ र अनुसन्धान कर्ताले आफ्नो अध्ययनलाई अधुरो छोड्नुपर्ने बाध्यता आउन सक्छ जसले अनुसन्धान कर्ताको भविष्यमा समेत असर पर्छ |

त्यसैले माथि उल्लेखित जोखिमहरुलाई न्यूनीकरण गर्न सामाजिक अनुसन्धानमा अध्ययनको विषयको बारेमा पूर्ण जानकारी गराई अनुमति वा मन्जुरी लिनुपर्छ |

## सन्दर्भ सामग्रीहरु:


AAA. (2004). "American Anthropological Association Statement on Ethnography and Institutional Review Boards" [statement adopted by AAA Executive Board June 4, 2004], Available online: http://www.americananthro.org/ParticipateAndAdvocate/Content.aspx?ItemNumber=1652

Access Alliance Multicultural Health and Community Services. (2011). Community Based Research Toolkit: Resource for Doing Research with Community for Social Change. Toronto, Canada: Access Alliance Multicultural Health and Community Services.

मौलिक हक र कर्तब्य, नेपाल को संबिधान (भाग ३, २०७३), पेज न. ६–१४.